आज मिति २०७७ मंसिर २३ गते मंगलबारका दिन दिउसो १.०० बजे यस लमही नगरपालिकाका नगरप्रमुख श्री कुलबहादुर के.सी.ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | [signature] |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | [signature] |
| ३ | श्री नुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | [signature] |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | [signature] |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | [signature] |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | [signature] |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | [signature] |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | [signature] |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | [signature] |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | [signature] |
| २० | श्री नोखिराम ओली | सचिव | [signature] |

नगर प्रमुख

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

मिति २०७७।०८।२३ गते बसेको नगरकार्यपालिका बैठकको निर्णयहरु :

निर्णय नं. १ : भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धमा भूमि सम्बन्धी समस्या समाधान आयोगको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यबिधि, २०७७ बमोजिम प्रक्रिया अगाडी बढाउने र यस लमही नगर कार्यपालिकाको कार्यालयमा सो कार्यविधिको दफा ४ (१) अनुसारको "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्यांक इकाई" स्थापना गर्ने ।

निर्णय नं. २ : पूराना घरहरुको अभिलेखिकरण गर्ने सम्बन्धमा मिति २०७७।०४।२८ गतेको कार्यपालिका बैठकबाट निर्णय भएको भएता पनि कोभिड-१९ का कारण कार्य रोकिएकोमा, हाल अवस्था सहज बन्दै गईरहेकोले सूचना प्रकाशन गरि अन्तिम पटकको लागि कार्य प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. ३ : लमही कोइलाबास सडकको दायाँबायाँ १५/१५ मिटर कायम गराउने सम्बन्धमा सडक डिभिजन कार्यालय घोराही दाङ, जिल्ला प्रशासन कार्यालय संग समन्वय गरि सडक क्षेत्रभित्र बनेका संरचनाहरु हटाउन सूचना प्रकाशन गर्ने ।

निर्णय नं. ४ : ज्ञानज्योति बिल्डर्स प्रा.ली.को मूल्य अभिबृद्धि कर, धरौटी र अग्रिम आयकर गरी जम्मा रकम रु. ६ लाख ८४ हजार ९९ मात्र आ.व.२०७७।०७८ को स्वीकृत कार्यक्रमको समपुरक कोषमा विनियोजित बजेटबाट उपलब्ध गराउने ।

निर्णय नं. ५ : लमही नगरकार्यपालिका कार्यालय र मातहतका सम्पूर्ण कार्यालयहरुमा बिजुली, पानी र कम्प्युटर सम्बन्धि मर्मत सम्भार गर्ने कार्यहरुलाई सहज तथा सुलभ तरिकाले सेवा लिन सेवा परामर्शदाता सँग बार्षिक करार सम्झौता गर्ने ।

निर्णय नं. ६ : यस कार्यालयको रा.१ झ १२८ नं.को सवारी साधन मर्मत गर्न सिप्रदी ट्रेड लि.क.लि.घोराही बाट रु. ३,१६,०००।-(तिन लाख सोह्र हजार)को अनुमानित रकम लागत लाग्ने गरी मर्मत प्रस्ताव पठाएको साथै पटक पटक उक्त सवारी साधन मर्मत गरिरहनु परेकोले सोको मर्मत गराउने जिम्मेवारी वडा नं. ६ का वडाअध्यक्ष श्री गणेशमान चौधरी र वडा नं. ९ का वडाअध्यक्ष श्री भेषबहादुर के.सि.लाई प्रदान गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७ :** वातावरण तथा विपद व्यवस्थापन समितिबाट पेश भई आएको तपसिलका व्यक्तिहरुलाई जनही रु.१०,०००।-(दश हजार) रकम बिपद व्यवस्थापन शिर्षकबाट भुक्तानी हुनेगरि प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | नाम | ठेगाना | क्षतीको बिवरण | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमिला थापा मगर | लमही ४ | १ कोठे पक्की शौचालय क्षती | सामान्य क्षती |
| २ | छुकान चौधरी | लमही ४ | ७ मिटर जग्गा पहिरोले लगेको | सामान्य क्षती |
| ३ | देव कुमारी के.सी. | लमही ४ | घरको बरण्डा,१ कोठे पक्की शौचालय भत्केको र केही इटा बगेको | सामान्य क्षती |
| ४ | फर्क ब.घर्ति | लमही ४ | बंगुरको २ कोठे खोर र ५ मिटर जग्गा पहिरोमा गएको । | सामान्य क्षती |

**निर्णय नं. ८ :** ९ नं. वडा कार्यालयको मिति २०७७।०७।२० च.नं. १५५ को सिफारिस पत्रानुसार वडा नं. ९ निवासी श्री शसिनाथ कँवरको मेरुदण्ड भाचिएका र आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च माग भई आएको साथै ५ नं. वडा कार्यालयको मिति २०७७।०८।२२ च.नं. १०९३ को सिफारिस पत्रानुसार सोही वडा निवासी श्री सन्तोष खनालको दुर्घटनामा परि दुबै खुट्टा काटिएको र संक्रमण फैलिरहेको भनि उपचारको लागि आर्थिक सहयोग माग भई आएकोले निजहरुलाई उपचार खर्च स्वरुप जनही रु.१०,०००।-(दश हजार) रकम उपलब्ध गराउने ।

**निर्णय नं. ९ :** दाङ जिल्लाको गढवा र राजपुर गाँउपालिका अन्तर्गत अन्तराष्ट्रिय सीमा क्षेत्र नजिक पर्ने बिभिन्न ९ वटा स्थानहरुमा सशस्त्र प्रहरी बल नेपालको बोर्डर आउट पोष्ट स्थापना हुन गईरहेकोले सशस्त्र प्रहरी बल नेपाल नं. २९ गण हे.क्वा.ज्वालामाई दाङको मिति २०७७।०८।०५ च.नं.४५६ को पत्र मार्फत भौतिक पुर्वाधार निर्माणको लागि सहयोग माग भई आएकोले कुनै एक स्थानमा सहयोग गर्ने ।

**निर्णय नं. १० :** लमही नगरकार्यपालिकाको कार्यालय प्रयोजनको लागि १ वटा सानो गाडि(बोलेरो टाइपको) र १ वटा ब्याक हो लोडर(जे.सी.बी. टाइपको) खरिद गर्ने ।

Scanned with CamScanner

निर्णय नं. ११ : तराई मधेस समृद्धि कार्यक्रम अन्तर्गत निर्माण हुने संरचनाहरुमा स्थानिय तहबाट १० प्रतिशत रकम बेहोर्नुपर्ने व्यवस्था रहेकाले दलित सचेतना भवन, लमही ५ का लागि स्वीकृत २५ लाख रकमको हुन आउने १० प्रतिशत रकम रु.२,७७,७७७- म्याचिङ्ग गर्न बिनियोजित रकमबाट ब्योंने ।

निर्णय नं. १२ : लमही नगरपालिकाको वडा नं. ५ मा अवस्थित सहिद नेत्रलाल "अभागी" स्मृति प्रतिष्ठान लमही दाङ्गको भवनमा कोभिड-१९ को माहामारीको संक्रमण रोकथाम तथा व्यवस्थापनको लागि मिति २०७६ चैत्र १८ गते देखी क्वारेन्टाइन निर्माण गरि संचालन गरिएको र हाल क्वारेन्टाइन बन्द गरि सोही भवनलाई आईसोलेशनको रुपमा संचालन गर्ने तयारी भएकोले भवन प्रयोग गरेबापत घर भाडा दिनुनपर्ने तर धारा पानी तथा बिजुली खपत गरेबापत आएको सम्पूर्ण रकम भुक्तानी गरिदिने । साथै सहिद नेत्रलाल "अभागी" स्मृति प्रतिष्ठान लमही दाङ्गको पत्रबाट क्वारेन्टिन/आइसोलेसन सञ्चालन अवधिभरको घरभाडा सो प्रतिष्ठानले दावी नगर्ने सशर्तमा सो प्रतिष्ठानको पुरानो बाँकी विजुली धाराको महसुल भुक्तानीको लागि नगरपालिकामा अनुरोध भई आए बमोजिम सो प्रतिष्ठानको विजुली धाराको बापतको पुरानो बाँकी महसुल समेत नगरपालिकाले भुक्तानी गरिदिने ।

निर्णय नं. १३ : आ.व.२०७६।०७७ सालमा सिप विकास तालीमको लागि शिलबन्दी दरभाउपत्र माग गरिएकोमा बिशेष कारणबस उक्त कार्यक्रम रद्द गरिएकोले दाखिला भएको धरौटी रकम सम्बन्धित दरभाउपत्र दातालाई फिर्ता दिने ।

निर्णय नं. १४ : राप्ती प्राबिधिक शिक्षालय बाट मिति २०७७।०८।२३ च.नं. २६३को पत्रानुसार आएको तालीमहरु मध्ये घर निर्माण(मेशन) र बाखा पालन तालीमको लागि आशय पत्र पेश गर्ने ।

निर्णय नं. १५ : घरेलु तथा साना उधोग कार्यालय, घोराही दाङ र यस कार्यालयको साझेदारीमा संचालन हुन गईरहेको ढाका बुनाई तालीमको लागि निर्देशिका बमोजिम मेशिन खरिदमा ८० प्रतिशतर र घागो खरिदमा ७० प्रतिशत रकम लागत साझेदारी मार्फत भुक्तानी दिने ।

Scanned with CamScanner

निर्णय नं. १६ : अर्जुनखोला, टेङ्गैया खोला, च्याउ खोला र धवरी खोलाको नदिजन्य पदार्थ संकलन/उत्खनन् कार्यका लागि वातावरणीय अध्ययन प्रकृया अघि बढाउने ।

निर्णय नं. १७ : आ.व.२०७६।०७७ मा ढुंगागिट्टी संकलन बापत प्राप्त राजस्व बाँडफाँड गरी पठाउन बाँकि रहेकोले उक्त आ.व.मा ढुंगागिट्टी संकलन बापत प्राप्त हुन आएको जम्मा रकम रु.२,६८,६०,६७२।-(दुई करोड अठसट्ठि लाख साठी हजार छ सय बहत्तर) लाई देहाय अनुसार बाँडफाँड गरी म्याचिङ्ग फण्डमा बिनियोजित रकमबाट व्यहोर्ने गरि सम्बन्धित निकायमा पठाउने ।

| सि.नं. | काम | जम्मा रकम | जि.स.स.मा पठाउने २% | बाँकि ९८% |
|---|---|---|---|---|
| १ | ढुंगागिट्टी संकलन बापत प्राप्त राजस्व | २,६८,६०,६७२।- | ५३७,२१३.४४।- | २,६३,२३,४५८.५६।- |
| नगरपालिका र प्रदेश सरकार बीच बाँडफाँड हुने रकम | | | | |
| २ | ढुंगागिट्टी संकलन बापत प्राप्त राजस्व | २,६३,२३,४५८.५६।- | नगरपालिकाको ६० प्रतिशत रकम रु.१,५७,९४,०७५।- | लुम्बिनी प्रदेश सरकारलाई पठाउनु पर्ने ४० प्रतिशत रकम रु. १,०५,२९,३८३।- |

Scanned with CamScanner